नेपाल सरकार

प्रदेश प्रमुख
लुम्बिनी प्रदेश
मुकाम बुटवल, रुपन्देही

नेपाल सरकार
प्रदेश प्रमुखको स्वकीय सचिवालय
लुम्बिनी प्रदेश
बुटवल, रुपन्देही

विजयादशमी, दीपावली, छठ पर्व २०८३ तथा नेपाल संवत्को

हार्दिक मंगलमय शुभकामना !

नेपालीहरूको महान् पर्व विजयादशमी, दीपावली, छठ पर्व तथा नेपाल संवत्को शुभउपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

नेपाल विविध मौलिकता बोकेको देश हो। यहाँ विभिन्न जातजाति धर्मालम्बीहरूले आ–आफ्नै परम्पराअनुसार चाडपर्व मनाउँदै आएको पाइन्छ। विशेष गरी नेपालमा विजयादशमी दशैं भन्नाले असत्य माथि सत्यको विजय भएको हो भन्ने मान्यताका रूपमा मनाइने पर्व हो। यो घटस्थापनादेखि प्रारम्भ भई नवरथा हुँदै कोजाग्रत पूर्णिमासँम्म मान्यजनबाट टीका, जमरा, फूलपाती, प्रसाद र आशिर्वाद ग्रहण गरेर मनाइन्छ। यसैगरी दिपावलीदवाराको अझ छुट्टै महत्त्व रहेको पाइन्छ। यस पर्वमा आफ्ना दिदीबहिनीहरूबाट दाजुभाइले भाइ टिका ग्रहण गरेर मनाइन्छ भने छठ पर्वमा उदाउँदो र अस्ताउँदो सूर्यको उपासना गरी परिवारको सुख र कल्याणको कामना गरी आ–आफ्नो रित परम्पराअनुसार चाडपर्वहरू मनाउँदै आएको पाइन्छ। नेपाल संवत् आफ्नो संस्कृतिलाई संरक्षण र सम्वद्र्धन गर्दै कार्तिक शुक्ल प्रतिपदाका दिन नयाँ वर्ष(नेपाल संवत्को) सुरुवात भएको खुसीयालीमा धुमधामका साथ मनाइन्छ।

नेपाल विविधतामा एकताको शुत्रमा बाँधिदै आएको मुलुक हो। यसरी हाम्रो मुलुकमा परम्परागत रूपमा हर्षोल्लासपूर्वक मनाइने यी महत्त्वपूर्ण चाड पर्वहरूले हाम्रा आपसी सद्भाव, भाइचारा र मित्रतालाई अझै मजबुत र प्रगाढ बनाउन सकारात्मक भूमिका खेल्नेछन् भन्ने विश्वास व्यक्त गर्दछु।
अन्तमा देवी माता, दुर्गा धनधान्य देवी लक्ष्मी र सूर्यदेवताले हामी सबैको सु–स्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिका लागि सदैव हामी माथि कृपादृष्टि राखुन् भन्ने शुभेच्छासहित सम्पूर्णमा विजया दशमी, दीपावली, छठ पर्व तथा नेपाल संवत्को हार्दिक मंगलमय शुभकामना।

२०८२।०६।२५।१

२०८३ असोज २५ गते आइतवार ।

मा. कृष्णबहादुर घर्तीमगर

फोन नं.: ०७१–५४३३३६, ०७१–५४०३९६ Email: off.chiefofstate5@gmail.com